नेपाल सरकार
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक
अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
राष्ट्रिय बाल अधिकार परिषद्
National Child Rights Council-NCRC
श्रीमहल, पुल्चोक, ललितपुर

पत्र संख्या :
चलानी नं. :

## सम्पूर्ण बालिकाहरुलाई अन्तर्राष्ट्रिय बालिका दिवस २०२६ को शुभकामना !!

अन्तर्राष्ट्रिय बालिका दिवस २०२६ को थिम बाल विवाह अन्त्य गरौं र बालिकाको अधिकारमा लगानी गरौं (End child marriage and invest in girls' rights) रहेको छ। यसैगरी यस वर्षको राष्ट्रिय बाल दिवसको नारा "बालापनको रक्षाः भविष्यको सुरक्षा" रहेको छ। बालिकालाई विभेद, हिंसा, शोषण, दुर्व्यव्यहार, शारीरिक तथा मानसिक दण्ड सजाय, बाल विवाह, बाल श्रम, बेचविखन तथा ओसारपसार लगायतबाट संरक्षण गरी बालापनको रक्षा गर्नु हामी सबैको साझा दायित्व र कर्तव्य हो जसले गर्दा बालिकाहरुको उज्ज्वल भविष्यको बलियो आधार निर्माण गर्दछ।

नेपाल सरकारले बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०८२ कार्यान्वयनमा ल्याई प्रदेश सरकार र स्थानीय तहहरुले समेत कार्यान्वयन गरिरहेका छन् भने बाल विवाह अन्त्यका लागि राष्ट्रिय, प्रादेशिक र स्थानीय कार्यक्रम तथा अभियान सञ्चालन गरी सन् २०३० सम्म बाल विवाहमुक्त नेपाल बनाउने लक्ष्य पूरा गर्न प्रतिबद्ध रहेका छन्। बालिकाको सर्वाङ्गीण विकास र उत्तरोत्तर प्रगितका निम्ति यस दिवसले सरोकारवाला निकाय, संघ संस्था, विद्यालय, अभिभावक र नागरिक समाजलाई थप प्रेरणा प्रदान गरोस् र बालिकाको अधिकार तथा हक हितको सम्मान तथा परिपूर्तिका साथ सम्पूर्ण बालिकाहरुको सुरक्षा, समृद्धि, उन्नति र प्रगतिका लागि परिषद् हार्दिक शुभकामना व्यक्त गर्दछ।

(दुर्गा प्रसाद चालिसे)
सदस्य-सचिव

११ अक्टुबर २०२६
(२५ असोज २०८३)
(नेपाल सम्वत् ११४६)



फोन नं.: ०१- ५४५०१२१, ५४५०१२४, ५४५०१४७
Tel. : 01-5450121, 5450124, 5450147
E-mail : contact@ncrc.gov.np
Website : www.ncrc.gov.np
E-Portal : www.childrights.gov.np

CamScanner